आकाश भैरब
AAKASH BHAIRAB
In House Journal

नेपाल वायुसेवा

Vol. 36, No. 2 (Asoj-Kartik 2074) September-October 2017

# निगमका लागि दूरदर्शी कार्ययोजना आवश्यक

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका नव नियुक्त सचिव महेश्वर न्यौपानेले नेपाल वायुसेवा निगमको व्यावहारिक पक्षमा सुधार तथा व्यवस्थापनमा पनि सुधार ल्याई चुस्त र दुरूस्त बनाउनुपर्नेमा जोड दिनुभयो र यसको लागि कर्मचारीहरू पनि जिम्मेवार भई लाग्न आग्रह गर्नुभयो । उहांले निगमको हितमा निगमका तर्फबाट आउने व्यावहारिक कार्ययोजना अघि बढाउन आफू प्रतिवद्ध रहेको बताउनु भयो । उहाँले निगमको हालको अवस्थाको विश्लेषण र मूल्याङ्कन गरी दूरदर्शी कार्ययोजनाका साथ नयाँ बाटो पहिल्याएर अघि बढ्नु नितान्त आवश्यक छ, भन्नुभयो । निगममा विभिन्न विभागहरू वीच समन्वय र अनावश्यक खर्चहरूको कटौती गर्ने जस्ता विषयमा ध्यान दिन सचिव न्यौपानेले आव्हान गर्नु भएको हो ।



आफूलाई सेवामा समर्पित यस संस्थाले भएका नीति नियम कार्यान्वयन गर्न जिम्मेदारीपूर्वक प्रतिवद्धता व्यक्त गर्नुपर्ने धारणा उहाँले राख्नु भयो । निगमले अंगीकार गरेको विमान संख्या क्रमशः थप्दै जाने कार्यमा सफा दृष्टिकोण, क्रियाशीलता र जिम्मेवारीपूर्वक काम गर्न निगमका पदाधिकारीहरूलाई अनुरोध गर्नुभयो ।

सो कार्यक्रममा निगमका महाप्रबन्धक सुगत रत्न कंसाकारले निगममा अनलाइन बुकिङको शुरूवात भइसकेको र यसमा क्रमशः सुधारहरू हुँदै जानुपर्नेमा जोड दिनुभयो । निगमको बजार हिस्सामा वृद्धि भएको अवगत गराउँदै पूंजी वृद्धि गरी निगमको ऋण–पूंजीको अनुपातलाई घटाउनु पर्नेमा पनि जोड दिनुभयो । निगमको व्यवसायको प्रकृति अन्य सरकारी संस्थानहरूभन्दा बेग्लै रहेको र अन्तर्राष्ट्रिय एयरलाइन्सहरूसँग प्रतिस्पर्धा गर्न निगमको क्षमता वृद्धि गर्न आवश्यक रहेको तथ्य औंल्याउनु भयो । उहाँले निगमको संरचना गतिशील र चुस्तदुरूस्त बनाउन विभिन्न उपाय अवलम्बन गर्दै अघि बढनु पर्ने जानकारी दिनुभयो ।

कार्यक्रममा आधिकारिक ट्रेड युनियनका अध्यक्ष सुवास डाँगीले निगमको वायुयान थप गर्ने व्यावहारिक कार्ययोजनामा मन्त्रालयको पूर्ण सहयोग हुनेमा विश्वास व्यक्त गर्नुभयो र निगमको हितमा लाग्न सम्पूर्ण कर्मचारीहरूलाई आव्हान गर्नुभयो । संस्थागत विभागका निर्देशक रवीन्द्र श्रेष्ठले निगमको भलाईका निमित्त विगतमा जस्तै मन्त्रालयको सधै सहयोग रहने अपेक्षा गर्नुभयो ।



# सम्पादकीय

विमानको कमीका कारण नेपाल वायुसेवा निगम धेरै वर्षसम्म अनिश्चितताको परिधिमा रूमल्लिनेमा परेको थियो । तर १२ वर्षमा खोलो फर्कन्छ भने झैं यतिखेर निगमको क्षमता र क्षेत्र विस्तार हुँदै गएको छ । आगामी वर्षसम्म दुईवटा वाइडवडी विमान थपेर सेवामा लगाए पछि यसले आफूलाई अझ सुदृढ र प्रतिस्पर्धी बनाउनेछ । अहिले अन्तर्राष्ट्रिय उडानमा जति गन्तव्यमा पुगेको छ, त्यसमा दुगुना हुने संभावना रहन्छ । एयरबस ३२० न्यारोबडी दुईवटा थपे पछि नै बजार हिस्सा क्रमशः बढदै गएको छ भने वाइडबडीले सेवा दिन थालेपछि निश्चय नै ठूलो फड्को मार्नेछ ।

साधन नभई साध्यमा पुग्न सकिदैन । धेरै भन्दा धेरै अन्तर्राष्ट्रिय उडानको माध्यमले लामो दूरीका धेरै ठाउँमा पुग्नु साध्य हो भने त्यसलाई आवश्यक विमान संख्या, कुशल जनशक्ति साधन हो । अहिले निगम व्यवस्थापन साधन विकासमा सक्रियतापूर्वक लागेको छ । निगम महत्वाकांक्षी मात्र नभएर व्यावहारिक कार्यनीति र कार्यक्रमको माध्यमले अग्रगतिमा रहेको छ । व्यावहारिक कार्यनीति र कार्यक्रम निर्माण गर्नु निगमको दायित्व हो भने त्यसलाई कार्यरूप दिनमा सरकारको अहम् भूमिका अर्को महत्वपूर्ण पक्ष हो । यस पक्षमा सरकारले उदारतापूर्वक सहयोग पुऱ्याउँदै आएको परिमाणस्वरूप ठूलो विमान सेवामा लगाउने चरणमा पुगिएको छ, यो निगमको लागि गौरवपूर्ण अवसर मान्नु पर्दछ ।

संस्थाको दीर्घकालीन विकासका लागि त्यसै अनुसारको सोच आवश्यकता पर्दछ, यस तर्फ पनि निगमले प्रारम्भिक चरणको काम थालेको छ । दुईवटा वाइडबडी पछिको विस्तार कसरी गर्ने भन्ने सोचाईका साथ नयाँ विमान थप्ने अवधारणा निगमले ल्याएको छ । त्यसका लागि समिति गठन गरी कामको जिम्मा दिइएको छ । निश्चय नै निगमले विश्वसनीय एवं सुदृढ संस्था निर्माण गर्नमा जे जस्तो सोचाई राखेको छ, त्यसले उल्लेखनीय प्रतिफल ल्याउने अपेक्षा गर्न सकिन्छ ।


IATA

Presented to

CTN-0403

Nepal Airlines Corporation

On the occasion of their ISAGO combined Headquarters and Station Registrations at

Kathmandu, Nepal – Tribhuvan International Airport (KTM)

under the

IATA SAFETY AUDIT FOR GROUND OPERATIONS PROGRAM

In the following operational disciplines

Organization and Management (ORM)
Load Control (LOD)
Passenger and Baggage Handling (PAB)
Aircraft Handling and Loading (HDL)
Aircraft Ground Movement (AGM)

Registration is valid until August 26, 2018

in accordance with the provisions of the ISAGO Program Manual

Gilberto López Meyer
Senior Vice President
Safety & Flight Operations

IATA को तर्फबाट नेपाल वायु सेवा निगमको ग्राउण्ड ह्याण्डलिङ्ग सेवा गुणस्तरीय भएकोमा प्रदान गरिएको ISAGO प्रमाणपत्र


## सम्पादक मण्डल

प्रधान सम्पादक : रवीन्द्र श्रेष्ठ
कार्यकारी सम्पादक : शैलेश कंसाकार
सह-सम्पादक : डोलराज पाण्डेय
सल्लाहकार सम्पादक : पुरू रिसाल
फोटो सल्लाहकार : हरि गोपाल प्रधान
प्रकाशक : वाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग, नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np

विभागीय प्रतिनिधिहरू : डोलेश्वर कोइराला, ग्राउण्ड सपोर्ट
जीवन कुमार भट्टराई, मानव संशाधन
राजकुमार खड्का, अर्थ
कुल बहादुर अधिकारी, यात्रुसेवा
पवन ग्वाछा, कन्टिन्यूइङ् एयर वर्दिनेश मेनेजमेन्ट
विनोद थापा, क्वालिटी एसुरेन्स एण्ड फ्लाइट सेफ्टी
योगेश हिराचन, अपरेशन्स्
चन्द्र बहादुर बलम्पाकी, वाणिज्य
ऋषि राम अर्याल, आन्तरिक लेखा परीक्षण
गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग
नहकुल प्र. श्रेष्ठ, सा. से. तथा सं. व्यवस्थापन

# प्रवर्द्धन मेलामा निगमको सहभागिता

पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत नेपाल पर्यटन बोर्ड र साट्टो (SATTO) नेपालको आयोजनामा भियतनाम, कम्पुचिया र थाइल्याण्डमा भएको अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन मेलामा नेपाल वायुसेवा निगमका तर्फबाट पनि सहभागिता गरियो ।




उक्त मेलामा निगमका तर्फबाट संस्थागत विभागका निर्देशक रवीन्द्र श्रेष्ठ र वाणिज्य विभागका उपनिर्देशक प्रेमरत्न बज्राचार्यले भाग लिनु भएको थियो । निगम सहित लुम्विनी विकास कोष, होटल तथा रेष्टुराँ व्यवसायी संघ र विभिन्न ट्राभल तथा टूर अपरेटर्स संघ समेत गरी नेपालबाट २५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल वायुसेवा निगमलाई आयोजक पार्टनरको रूपमा राखी प्रचार प्रसारको लागि छुट्टै स्थानको व्यवस्था गरिएको थियो । साथै त्यहाँ वितरण गरिएको साट्टो नेपालको टिसर्टमा नेपाल वायुसेवा निगमको लोगो राखेर प्रचार प्रसार गरिएको थियो ।

भियतनाम, कम्पुचिया र बैङ्ककमा छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको विभिन्न अन्तरक्रिया कार्यक्रमका अधिकांश सहभागीले नेपालको राष्ट्रिय ध्वजावाहक प्रयोग गरेर बुद्ध जन्मेको ठाउँ लुम्बिनी हेर्न नेपाल आउन चाहेको धारणा राखेका थिए ।

उक्त कार्यक्रममा सहभागी हुन आएका मध्येबाट लक्की ड्र मार्फत डोर प्राइजको रूपमा भियतनाम, कम्पुचिया र बैंककका प्रत्येक शहरबाट दुईदुई जना गरी जम्मा ६ जनालाई विजेता घोषित गरेको थियो । विजेताहरूको लागि निगमको तर्फबाट बैङ्कक-काठमाडौं-बैङ्ककको निशुल्क हवाई टिकटको व्यवस्था गरिएको थियो ।

स्वदेश तथा विदेश स्थित नेपालीहरू, स्थानीय ट्राभल एजेन्सीहरूको साथै विभिन्न लब्ध प्रतिष्ठित व्यक्तिहरूको समेत उल्लेख्य सहभागिता रहेको सो कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो । कार्यक्रमको अवधि ८ सेप्टेम्बर देखि १५ सेप्टेम्बर सम्म थियो ।

# पर्यटक आगमनमा २३ प्रतिशतले वृद्धि

नेपाल भ्रमणमा आउने विदेशी पर्यटकको संख्या सन् २०१७ मा २३ प्रतिशत बढेको छ । सन् २०१७ को १० महिना (जनवरीदेखि अक्टोबर) मा गत वर्षको यसै अवधिको तुलनामा पर्यटकको संख्यामा यो बृद्धि भएको हो । सन् २०१७ को १० महिनामा नेपाल भ्रमणमा आउने पर्यटकको संख्या सात लाख ५७ हजार चार सय ४८ पुगेको छ । यो वर्षको अक्टोबरसम्म नेपाल आउने पर्यटकको संख्या सन् २०१६ मा आएका कुल पर्यटक संख्या भन्दा पनि बढी हो ।

सन् २०१७ को मार्च र सेप्टेम्बर दुवै महिनामा एक–एक लाख भन्दा बढी पर्यटक नेपाल आएका छन् । मार्चमा एक लाख ६ हजार दुई सय ९१ र सेप्टेम्बरमा एक लाख १२ हजार चार सय ९२ विदेशी पर्यटक नेपाल आएका छन् । सन् २०१६ मा सात लाख ५३ हजार विदेशीले नेपाल भ्रमण गरेका थिए । तर सन् २०१७ को १० महिनामै सात लाख ५७ हजार विदेशीले नेपाल भ्रमण गरिसकेका छन् । सन् २०१६ को अक्टोबरसम्म नेपाल आउने विदेशी पर्यटकको संख्या भने पाँच लाख ८४ हजार एक सय चार मात्रै थियो । यो सँख्या सन् २०१७ को यसै अवधिको संख्याभन्दा एक लाख ७३ हजार तीन सय ४४ ले कमी हो ।

सन् २०१४ मा पर्यटक आगमनको सँख्या झन्डै आठ लाख थियो । तर सन् २०१५ मा भने पर्यटक आगमनको सख्या घटेर पाँच लाख ४० हजारमा झरेको थियो । भूकम्प र भारतीय नाकावन्दीका कारण सन् २०१५ मा पर्यटक आगमन ह्वात्तै घटेको थियो । पर्यटन आगमन बढाउने भन्दै सरकारले विश्वका विभिन्न देशमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम थालेको थियो ।

सरकारले सन् २०१६ लागि घुमफिर वर्षका रूपमा मनाउँदै आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षित गरेको थियो ।

यसैगरी सरकारले सन् २०१६ मा आठ लाख पर्यटक भित्र्याउने लक्ष्य लिएको थियो । तर सरकारी लक्ष्यमा पुग्न नसके पनि सन् २०१६ मा साढे सात लाख भन्दा बढी विदेशी पर्यटक नेपाल भ्रमणमा आएका थिए ।

सन् २०१७ को पर्यटन आगमनमा पनि नोट प्रतिवन्धले असर पारेको छ । भारतीय नोट प्रतिवन्धले सन् २०१७ का १० लाख पर्यटक भित्र्याउने लक्ष्यमा केही असहजता भएको थियो ।

सन् २०१३ देखि २०१५ सम्म देशको राजनीतिक अस्थिरता, विनाशकारी भूकम्प र भारतीय नाकावन्दीका कारण पर्यटक आगमन पाँच लाखमा झरेको थियो । सन् २०१५ मा कुल ४० प्रतिशतले गिरावट आएको पर्यटक आगमनमा सन् २०१६ मा ३२ प्रतिशतले बृद्धि भई पर्यटक सँख्या सात लाख ५३ हजार पुगेको थियो । अधिकांश पर्यटक हवाई मार्ग भएर नै नेपाल आउने गर्छन । तर नेपाल र युरोपेली मुलुकबीच

बाँकी ७ पेजमा

Thought for To-Day

*“Good management is the art of making problems so interesting and their solutions so constructive that everyone wants to get to work and deal with them”*
*– Paul Hawken*

# पाटा ट्राभल मार्ट २०१७



Pacific Asia Travel Agents (PATA) द्वारा मकाउमा 13th September देखि 15th September 2017 सम्म आयोजित PATA TRAVEL MART 2017 मा नेपालबाट पनि सहभागिता गरिएको थियो । नेपालबाट PATA Nepal Chapter नेपाल वायुसेवा निगम, नेपाल पर्यटन बोर्ड लगायत प्राईभेट सेक्टरबाट सहभागिता रहेको थियो । PATA Travel Mart 2017 लाई Macau Government Tourism Office ले आयोजना गरेको थियो । यस मार्टले Tourism संग सम्बन्धित विभिन्न संघ संस्थाहरूलाई साझा मञ्च प्रदान गर्दै व्यवसायिक प्रबर्धनको लागि मद्दत पुऱ्याउने आशा राखिएको छ । ६६ गन्तव्यहरूबाट कुल ११३१ प्रतिनिधिहरू उक्त मार्टमा सहभागी भएका थिए । नेपाल वायुसेवा निगमको तर्फबाट उप–निर्देशकहरू रिना राई , करिश्मा श्रेष्ठ र शैलेश कंसाकारले भाग लिएका थिए ।

# सचेतना कार्यक्रम

एयरलाइन्स अपरेटर्स कमिटीले विमानस्थलमा उपयोगमा नआउने र अन्य सामान राख्न व्यवधान गर्ने वस्तु व्यवस्थित गर्ने सम्बन्धमा सचेतना जगाउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अक्टोबर १३ तारिखमा FOD (Foreign Object Debris) Walk कार्यक्रमको आयोजना गरेको थियो ।

त्यस अवसरमा त्रिभुवन विमानस्थलमा कार्यरत सबै विभागको सहभागिता रहेको थियो । जसमा यात्रुसेवा विभाग, इन्जिनियरिङ्ग विभाग, अपरेशन्स्




विभागका कर्मचारीहरूले सक्रियतापूर्वक भाग लिएका थिए । सचेतना कार्यक्रमको साथसाथै त्यहाँ रहेका अनावश्यक सामान जम्मा गरी व्यवस्थित गरिएको थियो । रनवे, एप्रोन र पार्किङ्ग वे लाई सफा गरिएको थियो ।

कार्यक्रमको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन प्राधिकरणका महाप्रबन्धकले उद्घाटन गर्नुभएको थियो र उक्त समारोहमा निगमको यात्रु सेवा विभागका निर्देशक कृष्ण गोपाल जोशीको पनि उपस्थिति थियो । यस प्रकारको सचेतना कार्यक्रमले विमानस्थलको सुरक्षामा मद्दत पुऱ्याउने विश्वास गरिन्छ ।

# एकदिने उत्प्रेरणामूलक तालिम सम्पन्न

नेपाल वायुसेवा निगममा कार्यरत अधिकृत र सो भन्दा माथिल्ला तहका कर्मचारीहरूलाई लक्षित गरेर एकदिने उत्प्रेरणामूलक तालिम कार्यक्रम सम्पन्न गरिएको छ । निगमको मानव संशाधन विभाग अन्तर्गत तालिम, कल्याणकारी तथा युनियन रिलेसन्स महाशाखाको आयोजनामा नयाँ बानेश्वरस्थित अल्फा हाउसमा २०७४ भाद्र ३ गते सम्पन्न भएको उक्त कार्यक्रममा निगमका महाप्रबन्धक, नायव महाप्रबन्धक, विभिन्न विभागका निर्देशक तथा उप निर्देशक, निगमको आधिकारिक ट्रेड युनियनका सदस्य, अन्य ट्रेड युनियनका सदस्यहरू लगायत अन्य कर्मचारीहरू सहित १२७ जनाको सहभागिता रहेको थियो । सुधन ज्ञवालीले सो कार्यक्रममा प्रशिक्षण दिनुभएको थियो । तालिम कार्यक्रमको औपचारिक रूपमा शुभारम्भ गर्नुअघि महाप्रबन्धक सुगत रत्न कंसाकारले यस्ता उत्प्रेरणामूलक कार्यक्रमले कर्मचारीहरूको कार्यस्थलप्रतिको धारणामा सकारात्मक प्रभाव पार्नुका साथै व्यक्तिको दैनिक जीवनमा पनि परिवर्तन गर्न सक्ने भएकोले यस्ता कार्यक्रमको महत्व बढेको बताउँदै सबै कर्मचारीलाई निगमले लिएको लक्ष्यबमोजिम निष्ठावान भई कार्य गर्न निर्देशन दिनुभएको थियो ।

यसैगरी महाशाखाले निगममा कार्यरत उच्चतहका कर्मचारीहरूलाई लक्षित गरेर विद्युतीय सार्वजनिक खरिद सम्बन्धी तालिम सञ्चालन गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गतको सार्वजानिक खरीद अनुगमन कार्यालयसँगको समन्वयमा भाद्र २३ गते निगमको केन्द्रीय कार्यालयस्थित तालिम कक्षमा सम्पन्न उक्त तालिममा निगमका विभिन्न विभागका निर्देशक तथा उपनिर्देशक र अन्य गरी २८ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । विद्युतीय सार्वजनिक खरीद सम्बन्धी तालिमको आवश्यकता महसुस भई यस अघि नै बैशाख २० देखि २४ गतेसम्म सार्वजनिक खरीद अनुगमन कार्यालयको परिसर ताहाचलमा चारदिने तालिम सम्पन्न भएको थियो ।

महाशाखाले आफ्नो नियमित कार्यतालिका र अन्य विभागबाट माग भए बमोजिम आ. व. २०७३।७४ मा नियुक्त ३२ जना नयाँ क्याबिन क्रुहरूको तालिम सम्पन्न गरेको छ भने २०७३/७४ कै वैकल्पिक सूचीमा रही हाल निगममा नियुक्त १६ जना क्याबिन क्रुहरूको लागि पनि तालिम सञ्चालन गरिरहेको छ ।

# नयाँ नियुक्ति र बढुवा प्रक्रिया

नेपाल वायुसेवा निगमलाई आवश्यक जनशक्ति आपूर्ति गर्दै जाने क्रममा केही पदहरूको लागि दर्खास्त आब्हान गरिएकोमा आवेदनकर्ताहरूले विशेष अभिरूचि देखाए अनुसार पर्याप्त दर्खास्त परेको छ ।

खुला प्रतियोगिता अन्तर्गत माग गरिएका पदहरूमा वायुयान मर्मत सम्भार, एयर फ्रेम एण्ड इन्जिन तर्फ वरिष्ठ प्राविधिक अधिकृत (तह ७) आठ जना, इलेक्ट्रिकल/ग्राउण्ड इक्विपमेन्ट तर्फ वरिष्ठ प्राविधिक अधिकृत (तह ७) एक जना, सिनियर को-पाइलट (तह ७) १० जना, अधिकृत (तह ६) २२ जना, लेखा अधिकृत (तह ६) ६ जना, वरिष्ठ सहायक (तह ५) १४ जना, वरिष्ठ लेखा सहायक (तह ५) ४ जना, वरिष्ठ प्राविधिक (एयर फ्रेम एण्ड इन्जिन) ३ जना, वरिष्ठ प्राविधिक (इलेक्ट्रिक इलेक्ट्रोनिक्स) ४ जना, वरिष्ठ प्राविधिक (मेकानिकल अटोमोवाइल) ४ जना, सिनियर आई टी टेक्निसीयन (तह ५) ४ जना, सहायक (तह ४) ५ जना, लेखा सहायक (तह ४) ५ जना र ग्राउण्ड इक्विपमेन्ट अपरेटर (तह ४) ८ जना रहेका छन् ।

२०७४ असार मसान्तसम्म रिक्त रहेका दरबन्दीहरूमध्ये नियमानुसार आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सन्दर्भमा ३० दिने सूचना प्रकाशित गरी दरखास्त आव्हान गरिएको छ । यस अन्तर्गत प्रशासन (सामान्य प्रशासन) उप निर्देशक (नबौं तह) तर्फ तिन जना, प्रशासन (लेखा) उप निर्देशक (नबौं तह) तर्फ एक जना, सामान्य प्रशासन समूह तर्फको प्रबन्धक एक जना, लेखा समूह तर्फको प्रबन्धक दुई जना, सिनियर एएमई (आठौं तह) तर्फ दुई जना, वरिष्ठ अधिकृत (तह ७) एघार जना, वरिष्ठ प्राविधिक अधिकृत (तह ७) चार र तीन गरी सात जना, अधिकृत -तह ६) एघार जना, लेखा अधिकृत -तह ६) तीन जना, फ्लाइट डिस्प्याचर (तह ६) दुई जना, वरिष्ठ सहायक -तह ५) १३ जना, वरिष्ठ लेखा सहायक -तह ५) तीन जना, सिनियर जिइओ -तह ५) एक जना, सिनियर जिइओ कम सर्भिस मेकानिक्स (तह ५) दुई जना र जिइओ (तह ४) ४ जना माग गरिएको छ ।

यसैगरी कार्यक्षमता मूल्यांकनका आधारमा बढुवा का लागी सामान्य प्रशासन तर्फ निर्देशक (दशौं तह) मा छ जना, लेखा तर्फ निर्देशक (दशौं तह) मा दुई जना, वायुयान मर्मत सम्भार तर्फ निर्देशक (दशौं तह) मा दुई जना, ग्राउण्ड इक्विपमेन्ट तर्फ निर्देशक (दशौं तह) एक जना, सामान्य प्रशासन तर्फ उप निर्देशक (नवौं तह) एघार जना, लेखातर्फ उप निर्देशक (नवौं तह) दुई जना, वायुयान मर्मत सम्भार तर्फ सुपरिटेन्डेन्ट इन्जिनियर (नवौं तह) एक जना, एयर फ्रेम एण्ड इन्जिन तर्फ सुपरिटेन्डेन्ट इन्जिनियर (नवौं तह) एक जना, सामान्य प्राविधिक तर्फ उप निर्देशक (नवौं तह) एक जना, सामान्य प्रशासन तर्फ प्रबन्धक (आठौं तह) चार जना, लेखा तर्फ लेखा प्रबन्धक (आठौं तह) सात जना, सिनियर एएमई (आठौं तह) छ जना, सिनियर इन्जिनियर मेकानिकल (आठौं तह) एक जना, सिनियर सिभिल इन्जिनियर (आठौं तह) एक जना, सिनियर अटोमोबाइल इन्जिनियर (आठौं तह) एक जना, वरिष्ठ अधिकृत तेत्तिस जना, वरिष्ठ कानुन अधिकृत दुई जना, वरिष्ठ लेखा अधिकृत दुई जना, वरिष्ठ प्राविधिक अधिकृत आठ जना, वरिष्ठ प्राविधिक अधिकृत (इलेक्ट्रिकल) एक जना, अधिकृत एघार जना, लेखा अधिकृत तीन जना, ग्राउण्ड इक्युपमेन्ट अफिसर दुई जना, फ्लाइट डिस्प्याचर पाँच जना, वरिष्ठ सहायक अठ्ठाइस जना, वरिष्ठ लेखा सहायक सात जना, सिनियर ग्राउण्ड इक्युपमेन्ट अपरेटर दुई जना, सिनियर ग्राउण्ड इक्युपमेन्ट अपरेटर कम सर्भिस मेकानिक्स दुई जना, सहायक पाँच जना, ग्राउण्ड इक्युपमेन्ट अपरेटर चार जना र एम.टी. क्लीनर दुई जनाको लागि प्रक्रिया अगाडि बढिरहेको छ ।

# अन्तर्राष्ट्रिय तालिममा सहभागिता

गत अक्टोवर ३० देखि नोभेम्वर ०३, २०१७ सम्म IATA Training Centre, Singapore द्वारा संचालित पाँच दिने Network, Fleet and Schedule Planning तालिममा नेपाल वायुसेवा निगमका वरिष्ठ अधिकृतहरूले सहभागिता जनाएका थिए । नियमित कार्यक्रम अन्तर्गतको सो तालिममा नयाँ गन्तब्यमा Network बिस्तार गर्ने, Fleet Planning र प्रतिस्पर्धी बजारमा Schedule निर्धारण गर्ने रणनीति practical based software का साथै cost and revenue management and current aviation market को बारेमा तालिम प्रदान गरिएको थियो । सो तालिममा प्रशिक्षक सिन बि हानले अहिलेको प्रतिस्पर्धी वायुसेवा बजारमा software based market research को भूमिका महत्वपूर्ण हुने बताउनु भयो । नेपाल वायुसेवा निगम लगायत जेस्टर प्यासिफिक एयरलाइन्स, एयरबस चाईना एयरलाइन्स, युनाइटेड एयरलाइन्स, थाई एयर एसिया, फिजी एयरवेज, लाओस स्काइवेका गरी जम्मा १४ जनाको सहभागिता रहेको थियो । नेपाल वायुसेवा निगमको तर्फबाट वरिष्ठ अधिकृतहरू अर्णिमा शाक्य, चन्द्र बहादुर बलम्पाकी, ज्ञान बहादुर अर्याल र सुलेख मिश्रले सहभागिता जनाएका थिए ।



# विभागीय समाचार
## (मानव संशाधन विभाग)

### श्रावण २०७४

#### नियुक्ति

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | गया धर शाह | ३ | ड्राइभर |
| २ | देवी कुँवर | १ | कार्यलय सहयोगी |
| ३ | गौतम बेनर्जी | ९ | लाइन क्याप्टेन |

#### राजीनामा

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | मोहन रायमझी | ४ | सहायक |
| २ | पवन कुमार महतो | ५ | सिनियर टेक्निसियन |
| ३ | संजय सिहं ओली | ५ | बरिष्ठ सहायक |
| ४ | सुनिल जोशी | ८ए | क्याप्टेन |

#### अवकाश

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | मदन महर्जन | ४ | सहायक |
| २ | रूदल मिया अन्सारी | ३ | हेड लोडर |

#### पदोन्नति

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | रमण घिमिरे | ८बि/८ए | सिनियर को-पाईलट जेट फिलट |
| २ | भोगेन्द्र कठायत | ८बि/८ए | सिनियर को-पाईलट जेट फिलट |
| ३ | मुकेश कुमार गुप्ता | ८बि/८ए | सिनियर को-पाईलट जेट फिलट |

### भाद्र २०७४

#### नियुक्ति

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | सरोज पौडेल | ४ | टेक्निसियन |
| २ | संजय उप्रेती | ८ | सिनियर एमई |

#### राजीनामा

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | रमिला कोइराला (दाहाल) | ५ | बरिष्ठ सहायक |
| २ | अभिशेष राई | ९ | सिनियर क्याप्टेन |

#### अवकाश

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्याम बहादुर श्रेष्ठ | ४ | सिनियर हेड लोडर |
| २ | शम्भु प्रसाद बास्तोला | ६ | अधिकृत |
| ३ | शंकर राज कारन्जित | ९ | सुपरिटेन्डेन्ट एमई |
| ४ | लुती माया पोडे | ४ | सिनियर हेड लोडर |

#### सरूवा/ पद स्थापना

| क्र.सं | कर्मचारीको नाम | तह | पद | |
|---|---|---|---|---|
| १ | केदार बस्नेत | ५ | बरिष्ठ लेखा सहायक | अर्थ विभागबाट बिराटनगर स्टेशन |
| २ | लिला कुमारी भुजेल | १ | लोडर/ स्वीपर | रूम्जाटार स्टेशनबाट सा.से. तथा सं.ब्य. बिभाग |
| ३ | तुला बहादुर बिश्वकर्मा | २ | लोडर/ स्वीपर | रूम्जाटार स्टेशनबाट सा.से. तथा सं.ब्य. बिभाग |
| ४ | सुमन थकाली | ३ | कनिष्ठ सहायक | जोमसोम स्टेशनबाट पोखरा स्टेशन |
| ५ | राम नारायण पाण्डे | ७ | बरिष्ठ लेखा अधिकृत | अर्थ बिभागबाट आन्तरिक लेखा परीक्षण बिभाग |
| ६ | सुमित्रा रैनियार | ३ | कनिष्ठ सहायक | मानव संशाधन बिभागबाट यात्रुसेवा बिभाग |
| ७ | धन बहादुर महत | ७ | बरिष्ठ लेखा अधिकृत | अर्थ बिभागबाट आन्तरिक लेखा परीक्षण बिभाग |
| ८ | टंक निधि दाहाल | ८ | प्रवन्धक | बाणिज्य बिभागबाट संस्थागत बिभाग |
| ९ | बृहत मान तुलाधर | ८ | का.मु.उपनिर्देशक | संस्थागत बिभागबाट बाणिज्य बिभाग |

#### पदोन्नति

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | संजय पौडेल | ८ए | सिनियर को-पाईलट जेट फिलट |
| २ | अस्विन कुमार खड्का | ८ए | सिनियर को-पाईलट जेट फिलट |
| ३ | अमुल्य रत्न शाक्य | ८ए | सिनियर को-पाईलट जेट फिलट |

## Ground Support Department
### LOST AND FOUND RECORD SUMMARY

| S.N | Year | Months | Found Materials/Goods (in pcs) | | | | | | | | Staff | Handed over to concerned Airlines | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mobiles | Different types of movie and still camera | Money and wallets | i-phone, i-pad, tablets, etc. | Passport | Note | Other electronic appliances / items, games, pendrives, etc. | Total pcs | | Crew | Paxs | |
| 1 | 2017 | July | 5 | 1 | 8 | 3 | 0 | 0 | 9 | 26 | 26 | 0 | 0 | |
| 2 | 2017 | August | 3 | 2 | 3 | 4 | 0 | 0 | 3 | 15 | 15 | 0 | 0 | |
| Total | | | 8 | 3 | 11 | 7 | 0 | 0 | 12 | 41 | 41 | 0 | 3 | |

नोटः उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छोडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धीत ठाँउमा बुझाएका सामानहरूको हो ।

## पर्यटक आगमनमा...

सीधा हवाई सेवा नहुँदा पर्यटक आगमनमा असर परेको छ । भारतीय पर्यटक स्थलमार्ग प्रयोग गरेर नेपाल भ्रमणका लागि आइरहेका छन् । स्थलमार्ग हुँदै आउने पर्यटकको संख्यालाई पनि जोड्ने हो भने सन् २०१७ मा १० लाख भन्दा बढी विदेशीले नेपाल भ्रमण गर्नेछन् ।

नेपाल विश्व पर्यटनको प्रमुख गन्तव्य पनि हो । सन् १९५० को दशकदेखि नेपालको पर्यटन क्षेत्रमा क्रमिक सुधार आएको हो । भारतपछि नेपाल भ्रमणमा आउने बढी पर्यटक चिनियाँ छन् । १० महिनामै नेपाल भ्रमण आउने भारतीयको संख्या एक लाख ३३ हजारभन्दा बढी छ भने चिनियाँ पर्यटकको संख्या ८३ हजार नाघेको छ ।

यसैगरी अक्टोबरसम्म अमेरिकाबाट ६५ हजार, श्रीलंकाबाट ४१ हजार, बेलायतबाट ४० हजार र थाइल्याण्डबाट २८ हजार पर्यटक नेपाल भ्रमणमा आएका छन् ।



छलफलका लागि नेपाल आएका HiFly का प्रतिनिधिहरू र नेपाल वायुसेवा निगमका पदाधिकारीहरू बाँयाबाट क्रमशः
Ms. Katia Faradiba Vidal, Ms. Sara Chainca, Capt. Dipu Jwarchan, Mr. Luis Ferreira, Mr. R.B. Shah (Technical Expert), Mr. Paras Paudel, Mr. Rogerio Correia.

## OPERATIONS DEPARTMENT

# Flight Performance Report

for the month of Asoj & Kartik 2074

| PARTICULARS | FLEET/MONTH | B757 9N-ACA | | B757 9N-ACB | | A320 9N-AKW | | A320 9N-AKX | | OVERALL | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ASHAD | SHRAWAN | ASHAD | SHRAWAN | ASHAD | SHRAWAN | ASHAD | SHRAWAN | ASHAD | SHRAWAN |
| FROM KTM STATION | | | | | | | | | | | |
| PROPOSED | | | | 6 | 0 | 46 | 49 | 42 | 47 | 94 | 96 |
| OPERATION | SAME DAY | | | 5 | 0 | 47 | 52 | 42 | 42 | 93 | 94 |
| | NEXT DAY | | | 1 | | | | | | 1 | 0 |
| AIRCRAFT CHANGED | TO OTHER | | | 1 | 0 | 5 | 3 | 5 | 6 | 11 | 9 |
| | FROM | | | 0 | 0 | 6 | 6 | 5 | 3 | 11 | 9 |
| ON TIME | | | | 4 | 0 | 34 | 33 | 35 | 28 | 73 | 61 |
| DELAYED | | | | 2 | 0 | 12 | 19 | 7 | 14 | 21 | 33 |
| DIVERTED/ CANCELLED | | | | 0 | 0 | | | | 2 | 0 | 2 |
| REASON FOR DELAY AT KTM | | | | | | | | | | | |
| MARKETING/CUSTOMER SERVICE | | | | 0 | 0 | 6 | 2 | 0 | 2 | 6 | 4 |
| ENGINEERING | | | | 2 | 0 | 1 | 1 | 3 | 1 | 6 | 2 |
| OPERATIONS | | | | 0 | 0 | 2 | 0 | 0 | 0 | 2 | 0 |
| FINANCE | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| TRANSPORT | | | | 0 | 0 | 1 | 0 | 1 | 0 | 2 | 0 |
| WEATHER/NOTAM | | | | 0 | 0 | 0 | 0 | 1 | 0 | 1 | 0 |
| IMMIGRATION | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| SUBSEQUENT | | | | 0 | 0 | 1 | 6 | 1 | 4 | 2 | 10 |
| KTM ATC | | | | 1 | 0 | 2 | 10 | 1 | 7 | 4 | 17 |
| NOC | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| OTHER | | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| FLIGHT PERFORMANCE (%) | | | | | | | | | | | |
| RELIABILITY | | | | 100.00 | - | 100.00 | 100.00 | 100.00 | 95.74 | 100.00 | 97.92 |
| PUNCTUALITY | | | | 80.00 | - | 72.34 | 63.46 | 83.33 | 66.67 | 77.66 | 64.89 |

COMMERCIAL DEPARTMENT

# TRAFFIC AND REVENUE PERFORMANCE OF DOMESTIC & INTERNATIONAL STATIONS

as of Shrawan & Bhadra 2074

| Region | Shrawan 2074 | | | | Bhadra 2074 | | | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Central Region | 355 | 1,337,155 | 31,265 | 1,368,420 | 619 | 2,390,653 | 34,780 | 2,425,433 | 974 | 3,793,853 |
| Eastern Region | 450 | 1,318,462 | 9,323 | 1,327,785 | 674 | 2,119,480 | 7,568 | 2,127,048 | 1,124 | 3,454,833 |
| Western Region | 192 | 699,571 | 8,500 | 708,071 | 438 | 1,680,212 | 15,870 | 1,696,082 | 630 | 2,404,153 |
| MA 60 | 5,114 | 23,385,458 | 333,353 | 23,718,811 | 5,191 | 21,194,798 | 298,079 | 21,492,877 | 10,305 | 45,211,688 |
| Y 12 E | 2,240 | 5,553,212 | 22,071 | 5,575,283 | 1598 | 4045115 | 22319 | 4,067,434 | 3,838 | 9,642,717 |
| Domestic Total | 8,351 | 32,293,858 | 404,512 | 32,698,370 | 8,520 | 31,430,258 | 378,616 | 31,808,874 | 16,871 | 64,507,244 |
| KTM-DXB | 1,552 | 33,937,816 | 22,400 | 33,960,216 | 2162 | 47,491,696 | 959,454 | 48,451,150 | 3,714 | 82,411,366 |
| DXB-KTM | 1,408 | 28,472,224 | 399,690 | 28,871,914 | 1645 | 33,927,460 | 383,700 | 34,311,160 | 3,053 | 63,183,074 |
| KTM-DEL | 4,353 | 53,260,359 | 92,450 | 53,352,809 | 4258 | 51,990,574 | 85,000 | 52,075,574 | 8,611 | 105,428,383 |
| DEL-KTM | 4,572 | 59,863,316 | 667,768 | 60,531,084 | 4888 | 64,083,400 | 1,537,480 | 65,620,880 | 9,460 | 126,151,964 |
| KTM-BOM | 572 | 13,758,056 | 48,600 | 13,806,656 | 299 | 7,048,327 | 12,600 | 7,060,927 | 871 | 20,867,583 |
| BOM-KTM | 721 | 18,972,093 | 525,000 | 19,497,093 | 650 | 17,028,610 | 716,180 | 17,744,790 | 1,371 | 37,241,883 |
| KTM-BLR | 1,096 | 26,004,808 | 67,284 | 26,072,092 | 1124 | 26,685,952 | 72,000 | 26,757,952 | 2,220 | 52,830,044 |
| BLR-KTM | 858 | 22,455,954 | 97,272 | 22,553,226 | 940 | 24,618,300 | 259,878 | 24,878,178 | 1,798 | 47,431,404 |
| KTM-KUL | 856 | 15,881,048 | 252 | 15,881,300 | 877 | 16,264,166 | 378 | 16,264,544 | 1,733 | 32,145,844 |
| KUL-KTM | 624 | 10,095,167 | 270,182 | 10,365,349 | 1122 | 17,983,376 | 485,262 | 18,468,638 | 1,746 | 28,833,987 |
| KTM-DOH | 1,233 | 28,094,964 | 1,266,736 | 29,361,700 | 1119 | 25,494,252 | 82,492 | 25,576,744 | 2,352 | 54,938,444 |
| DOH-KTM | 1,184 | 25,768,172 | 418,248 | 26,186,420 | 999 | 21,611,982 | 531,150 | 22,143,132 | 2,183 | 48,329,552 |
| KTM-BKK | 968 | 14,388,464 | 54,595 | 14,443,059 | 1194 | 17,714,562 | 113,638 | 17,828,200 | 2,162 | 32,271,259 |
| BKK-KTM | 642 | 18,279,066 | 2,063,376 | 20,342,442 | 1055 | 30,058,515 | 2,010,636 | 32,069,151 | 1,697 | 52,411,593 |
| KTM-HKG | 1,002 | 29,238,774 | 1,265,144 | 30,503,918 | 1028 | 30,031,836 | 1,216,376 | 31,248,212 | 2,030 | 61,752,130 |
| HKG-KTM | 1,262 | 59,405,314 | 802,410 | 60,207,724 | 1047 | 49,180,109 | 2,091,180 | 51,271,289 | 2,309 | 111,479,013 |
| **Intl. Total** | **22,903** | **457,875,595** | **8,061,407** | **465,937,002** | **24,407** | **481,213,117** | **10,557,404** | **491,770,521** | **47,310** | **957,707,523** |
| **Grand Total** | **31,254** | **490,169,453** | **8,465,919** | **498,635,372** | **32,927** | **512,643,375** | **10,936,020** | **523,579,395** | **64,181** | **1,022,214,767** |

# Continuing Airworthiness Management Department

**OPERATION STATISTICS OF AIRCRAFT**

**July/August 2017**

| Particulars | Fleet | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | DHC-6/300 | | Y 12 E | | MA 60 | | B757-200 | | A320 | |
| Aircraft Registration No. | 9N-ABU | 9N-ABT | 9N-AKS | 9N-AKT | 9N-AKQ | 9N-AKR | 9N-ACA | 9N-ACB | 9N-AKW | 9N-AKX |
| No of Flight | 47 | 157 | 18 | 412 | 70 | 191 | AOG | 2 | 154 | 199 |
| Total Flight Hours (HRs:MM) | 35:45 | 122:53 | 10:37 | 247:09 | 67:16 | 187:09 | AOG | 5:00 | 428:81 | 557:55 |